**National Co-operative Federation of Nepal Ltd.**
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

च.नं. ४९१/०७४/७५

मिति: २०७४/०९/१९

श्री सम्पूर्ण सदस्य संघहरू

**विषय: उत्कृष्ट सहकारी पुरस्कार र उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार सम्वन्धमा ।**

उक्त सम्वन्धमा विगतका वर्षहरुदेखि नै सहकारी अभियानमा अनुकरणीय कार्य गर्ने उत्कृष्ट सहकारी संघ/संस्थाहरूको छनौट गरी अन्य सहकारी संघ/संस्थाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ नेपालको सहकारी अभियानको तर्फबाट यस महासंघले पुरस्कार प्रदान गर्दै आइरहेको व्यहोरा स्मरणका लागि अनुरोध गर्दछौं ।

सहकारी व्यवसायीक पद्धती मार्फत सहकारी आन्दोलनको विकास र प्रबर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने प्रत्येक प्रदेशवाट १/१ वटा सहकारी संघलाई **उत्कृष्ट सहकारी पुरस्कार-२०७४** र समुदायमा आधारित भएर अनुकरणीय कार्य गरेका **प्रत्येक प्रदेशवाट सकेसम्म सबै प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरु मध्यवाट सर्वोकृष्टलाई उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार -२०७४** का लागि छनौट गरी सदाझैं यस वर्ष पनि राष्ट्रिय सहकारी दिवसका दिन घोषणा एवंम अन्तर्राष्ट्रिय सहकारी दिवसको विशेष समारोहमा पुरस्कार प्रदान गरिने कार्यक्रम रहेको छ ।

उक्त पुरस्कारहरूलाई अझ लोकप्रिय, मर्यादित र सम्मानित बनाउनका लागि मुलुकका सबै भौगोलिक क्षेत्रहरूका उत्कृष्ट कार्य गर्ने सहकारी संघ/संस्थाहरूलाई समेटने लक्ष्य यस महासंघले लिएको छ । अतः उक्त पुरस्कारहरूको लागि यसैपत्र साथ संलग्न गरिएको विवरण फारमहरू भर्न लगाई त्यस संघका सदस्य संघ/संस्थाहरूमध्ये पुरस्कृत गर्न योग्य **सहकारी संघहरू र प्रारम्भिक सहकारी संस्थाहरू छनौट गरी** आवश्यक कागजातहरु सहित सिफारिस साथ यही २०७४ फाल्गुण १० गते भित्र यस महासंघमा आईपुग्ने गरी पठाई दिन हुन हार्दिक अनुरोध गर्दछौं ।

साथै, विस्तृत विवरणका लागि यस महासंघको वेवसाइड www.ncfnepal.com.np तथा महासंघवाट प्रकाशित हुने २०७४ माघ महिनाको सहकारी सन्देश मासिक पत्रिकामा हेर्न हुन अनुरोध छ ।

सहयोगको अपेक्षा सहित सहकारी अभिवादन!

(रामभजन शाह)
महाप्रबन्धक

संलग्न:
क) उत्कृष्ट सहकारी पुरस्कार -२०७४ विवरण फारम
ख) उत्कृष्ट सहकारी ब्यवसाय पुरस्कार -२०७४ विवरण फारम